नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(.................................................. शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल।

मिति : २०८२/०७/१६

**विषय :-** विज्ञप्ति

मिति २०८२/०७/०२ गते सम्माननीय प्रधानमन्त्री एबम स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूको निर्णय अनुसार गठन भएको प्रा. डा. श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा गठित समितिले सम्बद्ध सबै सरोकारावाला हरु संग हरेक दिन छलफल एबम परामर्श गरिरहेको व्यहोरा अवगतै छ। यसै सन्दर्भमा हिजो मिति २०८२/०७/१५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्री मा. डा. सुधा शर्मा गौतमको बिशेष पहल तथा उपस्थिति एबम मन्त्रालयका सचिवज्यूहरु लगायत वरिष्ठ कर्मचारीहरुको समेत उपस्थितिमा सरोकारवालाहरुसँग बृहत छलफल भै विरोध तथा आन्दोलनका कार्यक्रम गरिररहेको नेपाल नर्सिंग संघ र अफिन एबम नीजि मेडिकल तथा डेन्टल कलेज एसोसियसनका प्रतिनिधिहरु बीच सहमति भएको र बिस्तृत सहमतिका प्रमुख बुंदाहरु तपशिल बमोजिम रहेको जानकारी गराउदछौ।

तपशिलः

१. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्णय गरे बमोजिम नर्स तथा स्वास्थ्यकर्मीहरुको न्युनतम पारिश्रमिक लगायतका सेवा सुविधाहरुको सुनिस्चितताको लागि सबै सरोकारवालाहरुवाट प्रतिबध्दता प्राप्त भएको।

२. नीजि मेडिकल कलेजहरुले आफ्नो अस्पतालमा कार्यरत नर्स तथा स्वास्थ्यकर्मिहरुलाइ नेपाल सरकारले तोकेको कम्तिमा पाँचौ तहको तलव वरावरको रकम मासिक पारिश्रमिक स्वरूप २०८२ कार्तिक महिना देखि उपलब्ध गराउने।

३. नीजि तथा सामुदायिक अस्पताल, डेन्टल कलेजहरुले नेपाल सरकारले तोकेको कम्तिमा पाँचौ तहको हाल लाइ ८०% वरावरले हुने रकम मासिक पारिश्रमिक स्वरूप २०८२ कार्तिक महिना देखि उपलब्ध गराउने तर समितिले १ महिना भित्र अस्पतालहरुको बर्गिकरण गरि पाँचौ तह वरावरको पारिश्रमिक भुक्तानीको कार्य योजना तयार पार्ने।

४. आन्दोलनरत नर्स तथा स्वास्थ्यकर्मीहरु, नेपाल नर्सिंग संघ, APHIN, नीजि मेडिकल तथा डेन्टल कलेज एसोसिएसनले उठान गरेका अन्य बिषयहरुको बिस्तृत अध्ययन गरि समाधानको लागि ठोस कार्य योजना तयार पार्न केहि समय लाग्ने भएकोले प्रा. डा. श्रीकृष्ण श्रेष्ठको संयोजकत्वको समितिको कार्य अवधि १ महिना थप गर्ने।

५. विभिन्न सरोकारवालाहरुले उठान गर्नु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कार्य क्षेत्र बाहेक अन्य निकायसंग सम्बन्धित बिषयहरु तत-तत निकायहरुसंग स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समन्वय र सहजीकरण गर्ने।

६. नर्स तथा स्वास्थ्यकर्मीहरु तथा नेपाल नर्सिंग संघ लगायतका संघ संस्थाले आफ्ना बिरोधका कार्यक्रमहरु आजैका मिति देखि फिर्ता लिने र नियमित सेवामा फर्किने। आम नागरिकको स्वास्थ्य सेवा उपभोग गर्ने संबिधानप्रदत्त मौलिक हकको सम्मान गर्दै उच्च मनोवल, उत्प्रेरणा र सेवाभावका साथ स्वास्थ्य सेवाप्रति समर्पित रहने।

उपरोक्त सहमति हुदाहुदै पनि आन्दोलनमा रहेका केहि नर्सहरु असन्तुष्ट हुनु भएकोले उहाँहरुले उठान गर्नु भएको बिषयहरु उहाँहरु समेत सदस्य रहेको समितिले १ महिना भित्र आपसी छलफलका माध्यमवाट दिर्घकालिन समाधान हुने गरि सम्बोधन गर्ने भएकोले आफ्नो कार्यमा फर्किनुहुन र सहमति कार्यन्वयन गर्न सक्रिय योगदान सहित पृष्ठपोषण गर्नुहुन अनुरोध गर्दछौ।

वार्ता र सम्बाद मार्फत समस्याको समाधान गर्न सक्रिय योगदान पुर्याउनुहुने सबै सरोकारवाला पक्षहरु प्रति हार्दिक आभार एबम धन्यवाद व्यक्त गर्दछौ। साथै, सम्बद्ध सबै पक्षको सहयोग र सद्भावको अपेक्षा गर्दछौ ।

डा. प्रकाश बुढाथोकी
प्रवक्ता

Scanned with CamScanner